# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

## नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ बजेट तथा कार्यक्रम

प्रस्तुत भएको मितिः २०८२।०६।११

## राजविराज नगरपालिका

२०८२

राजविराज नगरपालिकाको नवौं नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू, नगर सभाका सचिव ज्यू तथा उपस्थित सबैमा हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

नगरपालिकाको बजेट तर्जुमा समितिको संयोजकको हैसियतले नगर सभाको यस बैठकमा चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेकी छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई सङ्घीय लोकतन्त्रीक गणतन्त्रको युगमा ल्याउन गरिएको आन्दोलन साथै मधेश आन्दोलन तथा विभिन्न काल खण्डमा अधिकार प्राप्तीका लागी दिइएको वलिदानी र हालै परिवर्तनको लागि युवा पुस्ताले गरेको जेन्जी आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

राजविराज नगरपालिकाको निर्वाचित कार्यसमिति प्रति जनआकांक्षा धेरै छन् । नगरको सन्तुलित एवं समावेशी विकासमा टेवा पुऱ्याउन तथा सम्पूर्ण नगरवासीले साकारात्मक परिवर्तनको अनुभूति गर्ने दिशातर्फ उन्मुख गराउन यो बजेटले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने आशा राखेकी छु । नगरलाई समुन्नत र सन्तुलित बनाउनको लागि हामी सँग भएका साधन तथा स्रोतको पूर्ण उपयोग गरेर प्रतिफल दिने योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने प्रयास गरेकी छु । यसले सबै पक्षहरूको चाहनालाई समेटने प्रयास गरिएकोछ ।

उपस्थित महानुभावहरू,

अब म यस सभा समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटको उद्देश्य तथा प्राथमिक्ता र प्रस्तावित आय व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आय अनुमानतर्फः हाम्रा सामु उपस्थित समस्याहरूलाई एकैपटकको प्रयासमा समाधान गर्न सम्भव हुँदो रहेनछ । उल्लेखित नीति तथा कार्यक्रमहरूलाई कार्यरूप दिन तथा नगरवासीको माग बमोजिमका योजना तथा कार्यक्रमहरूका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं सङ्घसंस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा आ.व.२०८२/०८३ को कुल बजेटरू. १ अर्ब २६ करोड ६१ लाख ८६ हजार रहेको छ ।

कुल बजेट मध्ये न.पा.को आन्तरिक आयतर्फ रू. १५ करोड ९ लाख ९८ हजार, मालपोत कार्यालय, सप्तरीबाट राजस्व बाँडफाड रकम रू. ६ करोड ९ लाख ५ हजार तथा प्रदेश वित्तीय समानीकरण अनुदानतर्फ रू.१ करोड २२ लाख ८८ हजार, सङ्घीय वित्तीय समानीकरण अनुदानतर्फ रू. १७ करोड १६ लाख, प्रदेश राजश्व बाँडफाड अनुदान तर्फ रू. ६५ लाख, तथा सङ्घीय राजश्व बाँडफाड अनुदान तर्फ रू. ११ करोड ८८ लाख २१ हजार ९ साय ४४ रुपैया, सङ्घीय शर्शत चालु अनुदान तर्फ रू. ३१ करोड २० लाख, सङ्घीय शर्शत पुँजीगत अनुदान वल्ड बैंक समेत तर्फ रू. २६ करोड ३७ लाख, प्रदेश विशेष तथा सम्पुरक अनुदान तर्फ रू. ६० लाख, सडक बोर्ड नेपाल चालु अनुदान तर्फ रू. ७५ लाख, गत बर्षको सडक बोर्ड नेपाल अनुदान तर्फ रू. ५३ लाख, बाह्य स्रोत-युनिसेफ लगायत अन्य ३७ लाख १६ हजार ७ सय ९ रुपैया तथा गतको मौज्दात संचित कोष को आय १४ करोड ६८ लाख ५६ हजार ३ सय ४७ रुपैया रहेको छ । जसको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

प्रमाणिकरण

**आदरणीय नगर सभाका सचिव ज्यू तथा नगर सभाका समस्त सदस्यज्यूहरू, उपस्थित सम्पुर्ण महानुभावहरु साथै यो बजेट बक्तव्य विभिन्न स्रोत हेरी सुनि रहनु भएका सम्पुर्ण नगरवासी दाजुभाई दिदीबहिनीहरू :**

हिजो शुरू भएको राजबिराज नगरपालिकाको नगर सभाको नवौं अधिबेसनको दोस्रो दिने सत्रमा १६ वटै वार्डका जन प्रतिनिधिहरुले आ-आफ्नो बिचारहरु राखु भयो, गुनासो तथा त्रुटीहरु सूनाउनु भयो । वहांहरुले फिल्डमा भोग्दै गरेको अवस्थाको बारेमा चर्चा गर्नु भयो । हामीले नगर केन्द्रित विभिन्न बिकाशको बजेटमा सृजनात्मक छलफल गर्यों ।एउटा ठाउँमा जम्मा भएर एक अर्का संग भेटन पायों र सबैभन्दा आवश्यक कुरा यो की बिभिन्न किसिमको सल्लाह सुझाव आयो जो अवश्य नै भोलीको दिनमा हामी सबैको काम आउने छन ।

हरेक उमेर वर्गको जनप्रतिनिधिले आफ्नो नजरियाबाट वडा र नगरपालिकाको जिम्मेबारीलाई विस्तारमा परिभाषित गरेको देखेर म राजबिराजको का. वा. नगरप्रमुखको ठाऊँबाट यस्तो महसूस गर्दै छु की हाम्रो राजबिराज नगरपालिका थप जागरुक र उर्जावान भएको छ ।हामीले एक किसिमले नया र सकारात्मक दृष्टीकोण बोकेको नगरपालिका पाएका छौं ।

पछिल्लो वर्ष हामीले केही काममा सफलता पायौं, केहीमा कमजोरी भयो। सुनौलो बिकाशको सोचको बिचमा विभिन्न बाधा अबरोधहरु आए ।तर हामीले ती सबै अवरोधहरुलाई चिर्दै अहिले यहाँ फेरी नया तरीकाले हातेमालो गर्दै अगाडी बढ्न जम्मा भएका छौं ।हामीलाई थाहां छ बितेको समयमा सडक कालोपत्रे गर्दा खुशी देखियो, तर कतिपय वडामा अझै उज्यालो पुग्न सकेको छैन। खानेपानी सुधार भयो, तर कतिपय टोलमा अझै समस्या छ। हामी यसलाई कमजोरी नभई चुनौतीका रूपमा लिन्छौं।

राजबिराज नगर एउटा परिवार हो। परिवारमा एकले मात्र बोकेर अघि बढ्दैन, सबैको हात चाहिन्छ। त्यसैले, म तपाईंहरूलाई आग्रह गर्दछु की नगरपालिकालाई 'उनले के गरे?' भनेर मात्र नहेरौं, 'हामीले के गर्न सक्छौं?' भनेर पनि सोधौं र एक जुट भएर अगाडी बढौं ।
आज राजबिराज नगरपालिकाको वार्षिक नगरसभा कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्दै हामीले अर्को ऐतिहासिक कदम चालेका छौं। यस सभामा प्रस्तुत बजेट, नीति तथा कार्यक्रमहरू केवल कागजमा सीमित नभई व्यवहारमै उतार्ने हाम्रो प्रतिबद्धता हो।

यो सभाले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, सरसफाइ देखि सामाजिक न्याय र समावेशी विकास सम्मका महत्वपूर्ण एजेण्डाहरूमा सहमति र मार्गनिर्देशन दिएको छ। हामी सबैलाई थाहा छ की नगरपालिका मात्रले सबथोक सम्भव हुँदैन, नगरवासीको सक्रिय सहभागिता बिना कुनै योजना दीर्घकालीन सफल हुँदैन।

यो सबैको बिचमा जेन्जी प्रोटेस्टको बारेमा कुरा नगरे हुदैन जस्तो लागेर केही बोल्न चाहन्छु ।देशमा जेन्जी आन्दोलन चली रहदा, नेपालको संसद बिघटनको माहोल हेर्दा र पछि संसद बिघटन भईसकेपछि धेरै नगरवासी लगायत केही जनप्रतिनिधिले मलाई बारम्बार प्रश्न गर्नु भएको थियो की स्थानीय व्यबस्था पनी खारिज हुने हो की ? म वहांहरुलाई भन्ने गर्थे ।स्थानीय सरकारले नेपाल सरकारको आँखा र कान भएर ग्राउंडमा काम गरिरहेको हुन्छ ।त्यसको एकमात्र कारण के हो भने स्थानीय सरकार देशलाइ प्रतिनिधित्व गरीरहेको हुन्छ, कुनै पार्टीलाई होइन ।हामी स्थानीय निकायले जनताको पहुँचमा पुगेर वहांहरुको असल मांग, मुद्दा र आशालाइ बुझिरहेका हुन्छौं ।

हरेक गाऊं, नगर अर्थात ठाउँको समस्या बुझ्नका लागी स्थानीय तहको आवश्यकता भएको हुनाले नै स्थानीय निकायको काम गर्ने अधिकारलाई संविधानको भाग-५, धारा ५६ देखि ६० ले सुनिश्चिता गरिएको छ । यी कारणले शिक्षा, स्वास्थय, बाटो, खानेपानी, स्थानीय कर, सामाजिक सेवा, आदि कामहरु निरन्तर हुन्छन् । जसमा हामी जनप्रतिनिधीलाई सघाऊँन पालिकाको हरेक कर्मचारीहरुले सक्दो मद्दत गरेर त्यों चुनौतीलाइ सजिलै सामना गरी सामाधान गर्न सहयोग गरि रहेका हुन्छन् । म फेरी भन्न चाहन्छु की हामी सबै नगरवासीको अधिकार जोगाउने प्रति थप जिम्मेबार र कर्मशील हुनु पर्ने हुन्छ । हाम्रो जेन्जी पुस्ताले मागेको भ्रस्टाचार मुक्त नगरको ढांचा बनाऊन हामी अग्रसर हुने छौ भन्नेमा बिस्वस्त रहेकी छु ।

यसकारण, म नगरप्रमुखको हैसियतले तपाईहरु लगायत सम्पूर्ण नगरवासीलाई आह्वान गर्न चाहन्छु की हामीसँगै हातेमालो गरेर नगरलाई सुन्दर, समावेशी र समृद्ध बनाउन अगाडि बढौं। राजबिराज केवल नाममा मात्र नगर नबनोस्, काम र परिणामले चिनिने नगर बनाऔं।

यस नवौं नगर सभाको सफलताका लागि यस सभामा पेश भएको प्रस्तावित बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी टोल विकास समिति, वडा नागरिक मञ्च, सम्पूर्ण जनप्रतिनिधि, विषयगत समिति, गैर सरकारी संस्था, विषयगत शाखा लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । यस नगरसभाबाट प्रस्तुत नगर विकास योजनालाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि विभिन्न राजनैतिक दल बुद्धिजिवि, नागरिक समाज, पत्रकार, कर्मचारी, नगरबासी लागयत सम्वद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा, सभामा सहभागिता जनाउने सम्पूर्ण सदस्य, कर्मचारी, सुरक्षाकर्मी र नगरवासीलाई हार्दिक धन्यवाद गर्दै सम्पूर्ण नगरवासी दाजुभाइ दिदीबहिनीहरूमा विजयादशमी, दीपावली (तिहार) र छठ जस्ता महान् चाडहरूको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। यी पर्वहरूले सबैमा आपसी सद्भाव, सहअस्तित्व र भाइचाराको भावना बढाइ नगरलाई अझै समावेशी र समृद्ध बनाओस् भन्ने मेरो शुभेच्छा छ। यस्ता पर्वहरूले महिला, पुरुष, बालबालिका, जेष्ठ नागरिक अपाङ्ग फरक क्षमता भएका व्यक्ती एवं सबैलाई एउटै माला जस्तै गासी हर्सित बनाएको हुन्छ। सुख, शान्ति, स्वास्थ्य र प्रगतिको शुभकामना ।

इसरत परविन
नगर सभा अध्यक्ष एवम् का.वा. नगर प्रमुख
राजविराज नगरपालिका